नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(........लैगिंक समानता तथा सामाजिक समावेशीकरण शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :- ०७८/७९
चलानी नं. :- २६०

मिति : २०७८।०५।२१...........

**विषय :- लैगिंक हिंसा निवारणमा प्रतिवद्धता सम्बन्धमा ।**

श्री सबै विभागहरु,
श्री सबै केन्द्रहरु,
श्री सबै संघीय अस्पतालहरु ।

प्रस्तुत् बिषयमा लैङ्गिक समानता र सामाजिक समाबेशीकरण विकासका मूल मुद्दा बनेको र संविधानको मर्म नै रहेको छ । लैङ्गिक भिन्नताका बावजुत अधिकार र अवसरमा असमानता हुनुहुदैन र प्रत्येक नागरिकको स्वच्छ,स्वस्थ्य र मर्यादित वातावरणमा काम गर्न पाउने हक भएकोले सोही विषयलाई सुनिश्चित गर्न मिति २०७८।०५।१८ मा मन्त्रालय र मन्त्रालय मातहतका सबै विभाग,केन्द्र,कार्यालय र संस्थाहरुमा कार्यरत सबै कर्मचारीहरुले लैगिंक हिंसा विरुद्धको तपसिल बमोजिमको ढाँचामा शपथ ग्रहण गरी प्रतिवद्ध रहने निर्णय भएकोले सो कार्यान्वयन गर्न गराउन निर्णयानुसार अनुरोध छ ।

**तपसिलः**

............... विभाग/कार्यालय/संस्था मा कार्यरत म ........................यो लिखित प्रतिज्ञा गर्दछु कि म मेरो व्यक्तिगत तथा सार्वजनिक जीवनमा कही कतै कुनैपनि प्रकारको लैङ्गिक हिंसा,विभेद र दुर्व्यवहार गर्ने छैन र कसैमाथि हिंसा र दुर्व्यवहार भएमा प्रतिकार गर्नेछु । म घर,समाज र राष्ट्रबाट लैङ्गिक हिंसा अन्त्य गर्न कटिबद्ध रही प्रतिबद्धता जनाउछु।

इन्दिरा आचार्य
शाखा अधिकृत